जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४८ | २०८३ साल बैशाख १० गते बिहीवार | Thursday-23-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## वन अतिक्रमण हटाउन ३ दिने अल्टिमेटम

***शु.आ. सम्बाददाता***
***बारा, ०९ वैशाख***

डिभिजन वन कार्यालय बाराले वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन ३ दिने अल्टिमेटम दिएको छ। कार्यालयले बुधबार सूचना जारी गर्दै तोकिएको समयभित्र अतिक्रमित क्षेत्र खाली नगरे कानुनी कारबाही गरिने चेतावनी दिएको हो।

जारी सूचनाअनुसार महेन्द्र राजमार्गअन्तर्गत पथलैया-अमलेखगञ्ज-चुरियामाई मन्दिरसम्मको क्षेत्रभित्र पर्ने वन क्षेत्रको सडक आसपास अनाधिकृत रूपमा घरटहरा निर्माण गरी बसोबास तथा व्यवसाय सञ्चालन गरिएको पाइएको छ। यस्तो गतिविधि वन ऐन २०७६ विपरीत भएको भन्दै कार्यालयले तत्काल हटाउन निर्देशन दिएको हो।




वन कार्यालयका अनुसार उक्त क्षेत्रभित्र बनाइएका घरटहरा ३ दिनभित्र स्वेच्छाले हटाउन आग्रह गरिएको छ। तोकिएको समयसीमाभित्र अटेर गरेमा प्रचलित कानुनअनुसार अतिक्रमित संरचना हटाइने र त्यसमा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल गरिने चेतावनी दिइएको छ। साथै, कानुनअनुसार थप कारबाहीसमेत हुने जनाइएको छ।

सूचनामा उल्लेख भएअनुसार अतिक्रमित क्षेत्रको चार किल्ला यस प्रकार रहेको छ– पूर्वः वन क्षेत्र तथा दुधौरा नदी, पश्चिमः पर्सा राष्ट्रिय निकुञ्ज, उत्तरः चुरियामाई मन्दिर र दक्षिणः पथलैया चोक रहेको छ।

वन क्षेत्रको अतिक्रमण बढ्दै जाँदा जैविक विविधता, वातावरणीय सन्तुलन तथा सार्वजनिक सम्पत्तिमा असर पर्ने भन्दै कार्यालयले यसलाई गम्भीर रूपमा लिएको जनाएको छ।

डिभिजन वन कार्यालयले स्थानीयवासीलाई समयमै सचेत भई वन क्षेत्र खाली गर्न अनुरोध गर्दै अन्यथा कडा कानुनी प्रक्रिया अघि बढाइने स्पष्ट पारेको छ।

## भ्रष्टाचार नियन्त्रणका लागि सिमरामा अन्तरक्रिया, कानुनभन्दा बाहिर काम नगर्न अख्तियारको चेतावनी

***अखिलेश यादव***
***बारा, ०९ वैशाख***

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले बाराको सिमरामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयको आयोजनामा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमराको सभाकक्षमा बुधबार कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा बोल्दै जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख राजन पौडेलले यस्ता अन्तरक्रियाले जनप्रतिनिधि र कर्मचारीबीच समन्वय तथा एकरूपता बढाउने विश्वास व्यक्त गरे। उनले हालसम्म शिक्षा ऐन जारी नहुँदा शिक्षा नियमावली कार्यान्वयनमा समस्या देखिएको उल्लेख गर्दै उपमहानगरभित्र धेरै विद्यालय निमित्त प्रधानाध्यापकको भरमा सञ्चालन भइरहेको बताए। शिक्षक दरबन्दी अभावकै कारण यस्तो अवस्था सिर्जना भएको उनको भनाइ थियो।




नगरप्रमुख पौडेलले आफू निर्वाचित भएयता योजना टुर्क्याउने काम नगरेको दाबी गर्दै योजना कार्यान्वयनका क्रममा वडाध्यक्षहरूसँग बेलाबेला मतभेद हुने गरेको स्वीकार गरे। स्थानीय तह जनतासँग प्रत्यक्ष जोडिएको सरकार भएकाले अख्तियारमा उजुरी बढी पर्ने गरेको पनि उनले बताए।

उनले सार्वजनिक पदमा रहेका व्यक्तिहरू राष्ट्रप्रति जिम्मेवार भई पारदर्शिता, सुशासन र कानुनी परिधिभित्र रहेर काम गर्नुपर्नेमा जोड दिए। "नैतिकता र जवाफदेहिताविना सुशासन सम्भव छैन," उनले भने, "यस्ता कार्यक्रमले स्थानीय तहमा पारदर्शिता मजबुत बनाउन मद्दत गर्छ।"

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका प्रमुख रामकृष्ण पुडासैनीले उजुरी दर्तापछि हुने प्रक्रिया, छानबिन र कारबाहीबारे विस्तृत जानकारी दिए। उनले कसैले पनि कानुनभन्दा बाहिर गएर काम गर्न नहुने स्पष्ट पार्दै आयोगले निष्पक्ष ढंगले अनुसन्धान गर्ने नीति अपनाएको बताए।

अन्तरक्रियामा भ्रष्टाचारको अवधारणा, यसको कारण, कसूर प्रमाणित हुँदा हुने सजाय, आयोगको कार्यशैली, नेपाल तथा विश्वको अवस्था, भ्रष्टाचारका प्रवृत्ति तथा यससम्बन्धी भ्रम र यथार्थका विषयमा विस्तृत छलफल गरिएको थियो।

कार्यक्रममा उपप्रमुख भोला प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत डम्बरु प्रसाद निरौला, विभिन्न शाखाका कर्मचारी, जनप्रतिनिधि तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।

स्थानीय तहमा बढ्दो उजुरी र सुशासनप्रतिको चासोबीच आयोजित यस कार्यक्रमले जिम्मेवार निकायहरूलाई थप उत्तरदायी बनाउने अपेक्षा गरिएको छ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

## कलैयामा नगर प्रहरीमाथि आक्रमणः कर्मचारीद्वारा कडा विरोध, दोषीमाथि कारबाहीको माग

***शु.आ. सम्बाददाता***
***कलैया, ०९ बैशाख***

कलैया उपमहानगरपालिका अन्तर्गतका कर्मचारीहरूले कलैया बजार क्षेत्रमा नगर प्रहरीमाथि भएको दुर्व्यवहारको घटनाप्रति कडा आपत्ति जनाउँदै प्रेस विज्ञप्ति जारी गरेका छन्। बडा नं. १ स्थित तरकारी बजारमा भएको उक्त घटनालाई उनीहरूले "गम्भीर आपराधिक गतिविधि" भन्दै दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेका हुन्।

जारी विज्ञप्ति अनुसार नगर प्रहरी कर्मचारीहरू नियमित बजार अनुगमन तथा कानून कार्यान्वयनका क्रममा सार्वजनिक सडक, फुटपाथ तथा बजार क्षेत्र अतिक्रमण गरी राखिएका तरकारी तथा अन्य सामग्री व्यवस्थापन गर्न खटिएका थिए। सोही क्रममा केही व्यक्तिहरूले नगर प्रहरीमाथि दुर्व्यवहार, गालीगलौज, धकेलाधकेल, ढुङ्गामुढा प्रहार जस्ता हिंसात्मक गतिविधि गरेका थिए।

घटनाका क्रममा एक महिला नगर प्रहरीमाथि समेत हातपात गरिएको, उनको कपडा च्यातिएको तथा साथमा रहेको मोबाइल खोसेर फुटाइएको आरोप विज्ञप्तिमा उल्लेख गरिएको छ। यस घटनाले नगर प्रहरीको



सुरक्षामाथि गम्भीर प्रश्न उठाएको कर्मचारीहरूको भनाइ छ।

त्यसैगरी, आफ्नो कर्तव्य निर्वाह गरिरहेका नगर प्रहरी कर्मचारीलाई नै सोही दिन जिल्ला प्रहरी कार्यालयमा करिब ४ घण्टा नियन्त्रणमा राखिएको विषयलाई पनि कर्मचारीहरूले निन्दनीय र खेदजनक बताएका छन्। उनीहरूका अनुसार यस्तो व्यवहारले एकातर्फ दोषी उम्किने वातावरण सिर्जना गर्ने र अर्कोतर्फ कानून कार्यान्वयनमा खटिएका राष्ट्रसेवक कर्मचारीहरूको मनोबल गिराउने काम गर्दछ। कर्मचारीहरूले यस्ता अवाञ्छित तथा गैरकानुनी गतिविधिले कानून कार्यान्वयन प्रक्रियामा अवरोध पुऱ्याउनुका साथै नगरपालिका अन्तर्गतका प्रशासनिक तथा विकास निर्माणका कार्यहरूमा समेत नकारात्मक असर पर्ने चेतावनी दिएका छन्।

प्रेस विज्ञप्तिमा दोषी व्यक्तिहरूको पहिचान गरी कडा कानुनी कारबाही गर्न, भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउन तथा बजार क्षेत्रको सुव्यवस्था कायम गर्न प्रभावकारी समन्वय र निगरानी बढाउन सम्बन्धित निकायसँग आग्रह गरिएको छ। साथै, जिल्ला प्रशासन कार्यालय बारासमक्ष दोषीलाई कुनै हालतमा नछुटाउने गरी कारबाही अघि बढाउन जोडदार माग गरिएको छ।

स्थानीय तह र सुरक्षा निकायबीच समन्वयको आवश्यकता औंल्याउँदै कर्मचारीहरूले कानूनको शासन कायम गर्न सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिएका छन्।

## इज्तिमा सुरक्षामा कडाइको माग

***शु.आ. सम्बाददाता***
***बारा, ०९ वैशाख***

बारामा आयोजना हुन लागेको मुस्लिम समुदायको ठूलो धार्मिक भेला 'इज्तिमा'लाई लक्षित गर्दै विश्व हिन्दू परिषद् नेपाल ले राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ता व्यक्त गरेको छ। परिषद्ले विदेशी नागरिकहरूको सम्भावित सहभागितालाई ध्यानमा राख्दै कडाइका साथ अनुगमन र नियन्त्रण गर्न सरकारसँग माग गरेको हो। बुधबार परिषद्ले जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रशासन कार्यालय पर्सा मा छुट्टाछुट्टै ध्यानाकर्षण पत्र बुझाएको जनाएको छ। बारामा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई तथा पर्सामा प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत पत्र बुझाइएको हो।





आगामी वैशाख ११ देखि १४ गतेसम्म जितपुर-सिमरा उपमहानगरपालिका-२४ हरपुर मा आयोजना हुन लागेको उक्त 'इज्तिमा' कार्यक्रममा पाकिस्तान, बंगलादेशलगायत विभिन्न देशबाट ठूलो संख्यामा सहभागीहरू आउने सूचना प्राप्त भएको परिषद्को दाबी छ। यस्ता भेलाको आवरणमा तेस्रो मुलुकका नागरिकहरू अवैध रूपमा नेपाल प्रवेश गर्ने र पछि लुकेर बस्ने जोखिम रहेको परिषद्ले औंल्याएको छ। ध्यानाकर्षण पत्रमा विगतका अनुभवसमेत उल्लेख गर्दै केही विदेशी सहभागीहरू कार्यक्रमपछि आफ्नो देश नफर्की नेपालमै बसोबास गर्ने प्रवृत्ति देखिएको दाबी गरिएको छ। विशेषगरी बंगलादेश र म्यानमारबाट आएका रोहिङ्ग्या समुदायका व्यक्तिहरूको सम्भावित प्रवेशप्रति प्रशासन सजग रहनुपर्ने परिषद्को भनाइ छ। नेपाल-भारत खुला सीमाको संवेदनशीलतालाई ध्यानमा राख्दै परिषद्ले अवैध घुसपैठ रोक्न, विदेशी नागरिकहरूको पहिचान तथा निगरानी कडा बनाउन र राष्ट्रिय सुरक्षामा असर पार्ने गतिविधि हुन नदिन प्रभावकारी कदम चाल्न आग्रह गरेको छ। साथै, साम्प्रदायिक सद्भाव कायम राख्न प्रशासनले विशेष सतर्कता अपनाउनुपर्नेमा पनि जोड दिएको छ। परिषद्ले कार्यक्रमस्थलमा सुरक्षा निकाय र सञ्चारकर्मीको पहुँच सीमित हुने गरेको गुनासो गर्दै पारदर्शिता सुनिश्चित गर्न निगरानी प्रणाली मजबुत बनाउन सुझाव दिएको छ। अन्त्यमा, परराष्ट्र नीति र राष्ट्रिय हितलाई ध्यानमा राख्दै कुनै पनि विदेशी नागरिकले अवैध रूपमा नेपाली भूमि प्रयोग गर्न नपाउने सुनिश्चितता गर्नुपर्ने माग गरिएको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### भन्सार कडाइ र बजार अनुगमनको अभाव : उपभोक्तामाथि दोहोरो दबाब

सीमावर्ती बारा जिल्लामा पछिल्लो समय देखिएको भन्सार कडाइ र आन्तरिक बजार अनुगमनको कमजोर अवस्थाले उपभोक्तालाई दोहोरो मारमा पारेको छ । एकातर्फ सीमामा साना–साना वस्तुमा समेत भन्सार नियम कडाइका साथ लागू हुन थालेको छ भने अर्कोतर्फ स्थानीय बजारमा मूल्य नियन्त्रण र अनुगमन प्रभावकारी नहुँदा उपभोक्ता असहज स्थितिमा पुगेका छन् । राजस्व चुहावट नियन्त्रण तथा सीमा व्यवस्थापनलाई प्रभावकारी बनाउन सरकारले लिएको कडाइ नीति आफैंमा गलत होइन । तर, दैनिक उपभोगका वस्तुमा समेत व्यवहारिक पक्ष नहेरी कडाइ गर्दा त्यसको प्रत्यक्ष असर सामान्य नागरिकमाथि पर्नु स्वाभाविक हो । सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकहरु लामो समयदेखि भारतसँगको खुला आवागमन र सस्तो बजारमा निर्भर रहँदै आएका छन् । त्यस्तो अवस्थामा वैकल्पिक व्यवस्था बिना अचानक कडाइ लागू हुँदा जनजीवन प्रभावित हुनु नीतिगत कमजोरीको संकेत हो ।

अर्कोतर्फ, उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन स्थानीय तहको प्रमुख जिम्मेवारी भए पनि बारा जिल्लामा यसतर्फ अपेक्षित सक्रियता देखिएको छैन । बजारमा मूल्यसूची नराख्ने, मनपरी मूल्य असुल गर्ने र अनियमितता बढ्ने जस्ता समस्या बढ्दै जाँदा उपभोक्ता झन् ठगिने अवस्था बनेको छ । राज्यको दोहोरो भूमिका–सीमामा कडाइ तर बजारमा उदासीनता–ले नागरिकको विश्वास कमजोर बनाउने खतरा पनि उत्तिकै छ । यस समस्याको दीर्घकालीन समाधानका लागि सन्तुलित नीति आवश्यक देखिन्छ । सीमामा भन्सार प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउँदै साना उपभोग्य वस्तुका लागि व्यवहारिक सहुलियत व्यवस्था गर्नु जरूरी छ । साथै, छोटी भन्सार कार्यालयहरुको पुनः सक्रियता र सेवा सहजता पनि उत्तिकै महत्वपूर्ण छ । त्यसैगरी, स्थानीय तहले नियमित बजार अनुगमन, मूल्यसूची अनिवार्य गर्ने व्यवस्था र उपभोक्ता सचेतना कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउनुपर्ने देखिन्छ । नियन्त्रण र सुविधा बीच सन्तुलन कायम गर्न नसकिएसम्म उपभोक्ता मारमा पर्ने क्रम रोकिँदैन । राज्यको उद्देश्य राजस्व संकलन मात्र होइन, नागरिकलाई सहज र न्यायोचित बजार वातावरण प्रदान गर्नु पनि हो । त्यसैले नीति निर्माण र कार्यान्वयन दुवै तहमा संवेदनशीलता र समन्वय आवश्यक छ, अन्यथा सीमावर्ती नागरिकहरुको समस्या अझ गहिरिँदै जानेछ ।

# अल्गोरिदम : नेपालको डिजिटल भविष्यको चालक



**सरोज बानियाँ**

अहिले सामाजिक सञ्जाल र अखबारहरूमा निकै चर्चामा रहेको एउटा शब्द हो 'अल्गोरिदम' । बिहान उठेदेखि राति नसुत्दासम्म फेसबुक, टिकटक वा अन्य सामाजिक सञ्जालहरू 'स्क्रोल' गर्छौं । अचम्मको कुरा के छ भने हामीलाई जे मन पर्छ, मोबाइलको 'स्क्रिन'मा त्यही कुरा आइपुग्छ । कहिलेकाहीँ त लाग्छ, यो मेसिनले मेरो मनको कुरा कसरी थाहा पायो ? यो कुनै जादु वा तन्त्रमन्त्र होइन, यो त हाम्रो डिजिटल संसारलाई चलाउने एक 'अदृश्य इन्जिन' हो, जसलाई प्राविधिक भाषामा 'अल्गोरिदम' भनिन्छ ।

आजको डिजिटल युगमा 'अल्गोरिदम'ले हामीले के किन्ने, कुन समाचार पढ्ने, कोसँग मित्रता गर्नेसम्मका कुराहरू निर्धारण गरिरहेको छ । सामाजिक सञ्जालदेखि बैंकिङ प्रणालीसम्म, अनलाइन किनमेलदेखि सरकारी सेवासम्म हाम्रो दैनिक जीवनका अधिकांश काम कुनै न कुनै रूपमा 'अल्गोरिदम'सँग जोडिएका छन् । हामीलाई पूर्ण रूपमा 'अल्गोरिदम'ले नै डोहोऱ्याइरहेको छ तर, वास्तवमा यो अल्गोरिदम भनेको के हो ? यसले कसरी काम गर्छ ? र हिमालको काखमा रहेको नेपालजस्तो देशमा यसको प्रभाव र भविष्य कस्तो होला ? वास्तवमा, अल्गोरिदम कुनै रहस्यमय कुरा होइन, यो त हाम्रो दैनिक जीवनमै प्रयोग हुने साधारण तर शक्तिशाली डिजिटल युगको नयाँ अवधारणा हो ।

**के हो 'अल्गोरिदम' ? :** साधारण भाषामा अल्गोरिदम भनेको कुनै पनि समस्या समाधान गर्न वा निश्चित लक्ष्यमा पुग्न अपनाइने एउटा 'नियम र चरणहरूको सेट' हो । यो एउटा यस्तो बाटो हो, जसले हामीलाई 'कहाँबाट सुरु गर्ने'देखि 'कहाँ अन्त्य गर्ने'सम्मको स्पष्ट मार्गचित्र देखाउँछ ।

अब मानौं तपाईंलाई नयाँ ठाउँमा पुग्नु छ । सुरुवात त घरबाट निस्कने अनि पहिलो पाइला पाँच सय मिटर सिधा हिँड्ने, हिँडेर जाने क्रममा यदि चोकमा रातो बत्ती बलेको छ भने रोकिने, हरियो छ, भने अघि बढ्ने, बायाँ मोड्ने र १० मिनेट हिँड्ने र अन्त्य : आफ्नो गन्तव्यको ढोकामा पुग्ने । यही स्टेप-बाई-स्टेप प्रक्रिया नै 'अल्गोरिदम' हो । कम्प्युटरले पनि ठ्याक्कै यसरी नै काम गर्छ । फरक यतिमात्र हो कि हामी मानिस कहिलेकाहीँ बाटो बिर्सन्छौं वा आलस्य गर्छौं, तर 'अल्गोरिदम'ले दिइएको निर्देशन कहिल्यै छोड्दैन र निर्देशन अनुरूप नै काम गर्ने गर्छ । जसरी चिया पकाउनलाई एउटा प्रक्रिया, चरण वा 'रेसिपी' हुन्छ, वास्तवमा त्यही नै हो 'अल्गोरिदम' । कम्प्युटरको सन्दर्भमा, 'अल्गोरिदम' भनेको गणितीय सूत्रहरूको समूह हो, जसले डेटालाई लिन्छ र त्यसलाई प्रशोधन गरेर हामीलाई चाहिएको नतिजा दिन्छ । यो एउटा यस्तो बुद्धिमान गणित हो, जसले 'यदि यसो भयो भने, त्यसो गर' भन्ने तर्कमा काम गर्छ ।

**यसका चरण र भित्री रहस्य :** 'अल्गोरिदम'ले जादु झैं काम गरे पनि यसको पछाडि ठोस विज्ञान र तर्क लुकेको हुन्छ । यसको कार्य प्रणालीलाई मुख्य चार चरणमा बुझ्न सकिन्छ । १. इनपुट : अल्गोरिदमलाई पहिले केही जानकारी वा डेटा चाहिन्छ । जस्तै, तपाईंले गुगलमा 'नेपालमा वर्तमान युवाको अवस्था' टाइप गर्नुभयो, भने त्यो इनपुट भयो । २. प्रशोधन : प्राप्त भएको डेटालाई 'अल्गोरिदम'ले आफ्नो प्रोग्रामिङ र पुराना रेकर्डहरूसँग तुलना गर्छ । यसले ठूलो मात्रामा रहेको 'डेटाबेस'बाट सेकेन्डभरमै सही जानकारी खोज्छ । ३. वर्गीकरण र प्राथमिकता : फेसबुक वा युट्यबजस्ता प्लेटफर्ममा 'अल्गोरिदम'ले तपाईंको रुचि हेर्छ । तपाईंले कुन भिडियो धेरै बेर हेर्नुभयो ? कुन फोटोमा 'लाइक' गर्नुभयो ? यी सबै गतिविधिहरूको विश्लेषण गरेर 'अल्गोरिदम'ले तपाईंलाई मन पर्ने सामग्री पहिलो प्राथमिकतामा राख्छ । ४. आउटपुट : अन्तमा, यसले नतिजा दिन्छ । तपाईंको फेसबुक फिडमा आउने पोस्टहरू वा गुगल म्यापले देखाउने छोटो बाटो नै 'अल्गोरिदम' को 'आउटपुट' हो ।

**दैनिक जीवनमा 'अल्गोरिदम'को भूमिका :** हामी अनजानमै दिनको सयौं पटक 'अल्गोरिदम'सँग ठोक्किरहेका हुन्छौं, सोसल मिडिया: टिकटकको 'फर यु' पेज 'अल्गोरिदम'को उत्कृष्ट नमुना हो । यसले तपाईंको मुड र रुचिलाई तपाईंले भन्दा राम्रोसँग बुझ्छ । त्यही अनुरूप काम गरेर तपाईंको रुचि अनुरूपका बिभिन्न पोस्ट, रिल्स तथा जानकारीहरू तपाईं 'डिस्पे'मा देखाउँछ । ई-कमर्स (दराज वा अमेजन) ले 'तपाईंलाई यो पनि मन पर्न सक्छ ?' भन्दै सामानहरू देखाउनु 'अल्गोरिदम'कै काम हो । बैंकहरूले ऋण दिँदा वा क्रेडिट कार्डको 'फ्रड' पत्ता लगाउँदा 'अल्गोरिदम' प्रयोग गर्छन् । पठाओ वा इनड्राइभजस्ता साइडिङ सेयरिङ एपले कुन चालक नजिक छ र भाडा कति हुनुपर्छ भन्ने कुरा 'अल्गोरिदम'बाटै तय गर्छन् ।

**नेपालमा वर्तमान अवस्था :** नेपाल ढिलोगरी प्रविधिको दौडमा छ । नेपालका सरकारी निकायदेखि निजी क्षेत्रसम्म अल्गोरिदमको प्रवेश भइसकेको छ । झन् दैनिक जीवन र नयाँ युवा पुस्ता त 'अल्गोरिदम'बाट आनन्द पनि लिइरहेका छन् । नेपाली अधिकांश बैंकले बिस्तारै 'क्रेडिट स्कोरिङ'का लागि अल्गोरिदम प्रयोग गर्न थालेका छन् । डिजिटल वालेटहरू (खल्ती, ईसेवा)ले प्रयोगकर्ताको खर्च गर्ने बानी बुझ्न यसको सहयोग लिन्छन् । अहिले विशेषगरी नेपालमा 'स्टार्टअप' संस्कृति बढ्दो छ । पठाओ, फुडमान्डु र दराजजस्ता कम्पनी पूर्ण रूपमा अल्गोरिदममा आधारित छन् । यिनीहरूले नेपाली बजारमा 'डेटा-ड्रिभन' निर्णय लिन सिकाएका छन् । यसका प्रयोगकर्ताहरूलाई पूर्ण रूपमा अल्गोरिदमबाट निर्देशित गरिरहेको छ ।

**नेपालमा यसको भविष्य - अवसर र चुनौती :** प्रतिनिधिसभा निर्वाचन २०८२ मा पनि निकै चर्चामा रह्यो 'अल्गोरिदम' । विशेषगरी रास्वापाले निर्वाचनमा नसोचेको नतिजा ल्याउनुमा 'अल्गोरिदम'को महत्वपूर्ण भूमिका छ भनी पुराना राजनीतिक दल र यसमा आबद्ध कार्यकर्ताले सामाजिक सञ्जालमै अभिव्यक्ति दिइरहेछन् । नेपालको भौगोलिक बनावट र आर्थिक अवस्थालाई हेर्दा 'अल्गोरिदम' र 'आर्टिफिसियल इन्टेलिजेन्स'ले देशको मुहार फेर्न सक्छ । यसका लागि नयाँ जेन–जी पुस्तालाई यसतर्फ आकर्षित गर्न सक्दा यो क्षेत्रबाट देशले काया परिवर्तन गर्न सक्छ । यसतर्फ वर्तमान सरकार पूर्ण सचेत छ ।

नेपालको समग्र विकास र समृद्धिका लागि 'अल्गोरिदम' र 'आर्टिफिसियल इन्टेलिजेन्स' एउटा गेम-चेन्जर साबित हुन सक्छ । विशेषगरी कृषिप्रधान देश नेपालमा माटोको परीक्षण, मौसमको पूर्वानुमान र बजारको माग विश्लेषण गर्ने स्वचालित प्रणाली विकास गर्न सके किसानले उचित मूल्य पाउने र बिचौलियाको अन्त्य हुने देखिन्छ । स्वास्थ्य क्षेत्रमा पनि दुर्गमका नागरिकका लागि 'डायग्नोस्टिक अल्गोरिदम'मार्फत रोगको पहिचान र उपचारमा नयाँ क्रान्ति ल्याउन सकिन्छ । त्यस्तै, पर्यटकको रुचिअनुसारका गन्तव्यहरू सिफारिस गर्ने प्रणालीले पर्यटन उद्योगलाई विश्वव्यापी बजारीकरण गर्न मद्दत पुग्नेछ । सबैभन्दा महत्वपूर्ण पक्ष, सरकारी सेवाहरू जस्तै पासपोर्ट, राष्ट्रिय परिचयपत्र, लाइसेन्स र नागरिकता वितरणलाई 'अल्गोरिदम'मा आधारित स्वचालित प्रणालीमा ढाल्न सके प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचारको जरो नै उखेल्न सकिन्छ । यसरी प्रविधिको सही प्रयोगले नेपालको सेवा प्रवाह र उत्पादनलाई आधुनिक युगको गतिमा लैजान सकिने प्रशस्त आधार छन् । नेपाल प्रविधिको तीव्र विकाससँगै अगाडि बढ्दै गर्दा 'अल्गोरिदम' र कृत्रिम बुद्धिमत्ताले ठूलो अवसर सिर्जना गरेका छ, तर त्यससँगै केही गम्भीर चुनौती देखा परिरहेका छन् । मुख्य रूपमा डेटा गोपनीयताको असुरक्षा, डिजिटल विभाजनका कारण बढ्दो असमानता, 'अल्गोरिदम'मा हुने पूर्वाग्रह र गलत सूचना, तथा दक्ष जनशक्तिको अभाव प्रमुख समस्या हुन् । यसैलाई बेलैमा सम्बोधन गर्नतर्फ सरकार चनाखो हुनुपर्छ ।

यी चुनौतीलाई समयमै सम्बोधन गर्न सकेमात्र प्रविधिको लाभ सबैमा समान रूपमा पुग्न सक्छ । त्यसका लागि प्रभावकारी नीति, कडा नियमन, डिजिटल पहुँच विस्तार र युवा जनशक्ति विकासमा ध्यान दिन आवश्यक छ । सही रणनीति अपनाउन सकेमा, यी चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै नेपालले प्रविधिको क्षेत्रमा नयाँ सम्भावना र सफलता हासिल गर्न सक्छ ।

**'अल्गोरिदम'ले रोजगारी खोस्छ ? :** यो डरलाग्दो प्रश्न हो । वास्तविकता के हो भने, 'अल्गोरिदम'ले दोहोरिने कामहरूलाई प्रतिस्थापन गर्नेछ र यसले नयाँ प्रकारका रोजगारी पनि सिर्जना गर्नेछ । नेपालले अब जेन–जी र युवा पुस्तालाई 'डाटा साइन्टिस्ट', 'एआई एथिक्स अफिसर' र 'मिसिन लर्निङ इन्जिनियर' बन्न प्रोत्साहित गर्नुपर्छ । अनिमात्र देश नयाँ र प्रविधिमैत्री रोजगारीहरू सिर्जना हुन्छ । हामी 'अल्गोरिदम'सँग डराउने होइन, यसलाई नियन्त्रण र परिचालन गर्न सिक्नुपर्छ । यसबाट लिन सक्ने जति फाइदा लिन सक्नुपर्छ । यसलाई विकास र समृद्धिको मेरुदण्ड बनाउन पर्छ । यसलाई हाम्रो दैनिक जीवनसँग जोड्न सक्नुपर्छ ।

**निष्कर्ष :** 'अल्गोरिदम' आफैंमा खराब वा असल हुँदैन, मात्र यसको प्रयोग कसरी गर्छन् भन्नेमा भर पर्छ । यो एउटा औजारमात्र हो । यसलाई कसरी प्रयोग गर्ने भन्ने कुरा हाम्रो हातमा छ । नेपालको सन्दर्भमा, यदि हामीले सही नीति र नियमन ल्याउन सक्यौं भने अल्गोरिदमले सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायमा ठूलो योगदान दिन सक्छ । आजको डिजिटल युगमा हामीले अल्गोरिदमलाई बुझ्नु भनेको भविष्यलाई बुझ्नु हो । अबको नेपाल 'फाइल र ढड्डा'बाट बाहिर निस्केर 'कोड र डेटा'को माध्यमबाट अगाडि बढ्नुपर्छ । 'अल्गोरिदम'ले जतिसुकै राम्रो नतिजा देखाए पनि, अन्तिम निर्णय र मानवीय संवेदना सधैं मानिसकै हुनुपर्छ । किनकि, मेसिनसँग तर्क त हुन्छ तर मन र व्यावहारिकता हुँदैन ।

बानियाँ, युवा अभियन्ता हुन् ।




## अन्तराष्ट्रिय समाचार

# होर्मुजमा गोलीकाण्डपछि वार्ता संकटमा

***एजेन्सी-*** इरानले स्ट्रेट अफ होर्मुजमा एक कन्टेनर जहाजमाथि गोली प्रहार गरेपछि मध्यपूर्वमा जारी कूटनीतिक प्रयासहरू झनै जटिल बनेका छन् । यो घटना युद्धविराम विस्तार र पाकिस्तानमा हुने भनिएको अमेरिका-इरान वार्तालाई पुनः सुरु गर्ने प्रयासकै बीच भएको हो, जसले तनावलाई नयाँ मोडमा पुर्‍याएको छ ।

इरानको अर्धसैनिक रिभोलुसनरी गार्डले बुधबार बिहान गरेको उक्त आक्रमणमा जहाजलाई क्षति पुगेको बताइएको छ । यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविरामलाई अनिश्चितकालका लागि विस्तार गर्ने घोषणा गरेको केही समयपछि आएको हो । ट्रम्पले तेहरानलाई वार्ताका लागि ‘एकीकृत प्रस्ताव’ तयार गर्न समय दिन यस्तो निर्णय गरिएको बताएका थिए जसअनुसार युद्धविराम बुधबार समाप्त हुने तयारीमा थियो ।

तर इरानले उक्त विस्तारलाई औपचारिक रूपमा स्वीकार गरेको छैन । पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले वार्ता प्रक्रिया सहज बनाउन युद्धविराम विस्तारको स्वागत गर्दै कूटनीतिक प्रयासलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् । उनले पाकिस्तानलाई दिइएको विश्वासप्रति आभार व्यक्त गर्दै द्वन्द्व समाधानका लागि वार्तामार्फत प्रयास जारी रहने बताए । अमेरिकी पक्षले इरानी



बन्दरगाहहरूमा नाकाबन्दी कायम राख्ने घोषणा गरेपछि इरानले त्यसलाई ‘अस्वीकार्य’ भनेको छ । यही कारणले इस्लामाबादमा प्रस्तावित वार्तामा अझै इरानको औपचारिक सहभागिता अनिश्चित रहेको बताइएको छ ।

घटनापछि रिभोलुसनरी गार्डले यस क्षेत्रमा रहेका शत्रुका सम्पत्तिमाथि अझ कठोर प्रतिक्रिया दिने चेतावनी दिएको छ । उनीहरूले ‘शत्रुको अनुमानभन्दा बाहिरको कडा जवाफ’ दिने घोषणा गरेका छन् ।

इरानले भने जहाजमाथि गोली चलाउनु अघि चेतावनी दिइएको र त्यसलाई बेवास्ता गरिएको दाबी गरेको छ । नूर न्युजका अनुसार इरानी सशस्त्र बलले चेतावनी दिएपछि मात्र कारबाही गरिएको हो । फार्स समाचार एजेन्सीले यसलाई होर्मुज क्षेत्रमा कानूनी नियन्त्रण लागू गरिएको कदमका रूपमा वर्णन गरेको छ ।

तर बेलायतस्थित युनाइटेड किङडम मेरिटाइम ट्रेड अपरेसन सेन्टरले भने गार्डका गनबोटले कुनै प्रत्यक्ष चेतावनी बिना गोली चलाएको जनाएको छ । उक्त आक्रमणमा कुनै मानवीय क्षति नभएको पनि पुष्टि गरिएको छ ।

विश्वको करिब २० प्रतिशत तेल र ग्यास यही रणनीतिक जलमार्ग हुँदै जाने भएकाले होर्मुजको अवस्था विश्व ऊर्जा बजारका लागि अत्यन्त संवेदनशील मानिन्छ । हाल इरानसँगको तनावका कारण ढुवानीमा अवरोध आएको र यसले तेल मूल्यमा तीव्र वृद्धि ल्याएको छ । ब्रेन्ट कच्चा तेलको मूल्य युद्ध सुरु भएयता करिब ३० प्रतिशतभन्दा बढी बढेर ब्यारेलको करिब ९८ डलर नजिक पुगेको छ ।

यसैबीच, पाकिस्तानले दुवै पक्षलाई वार्तामा ल्याउन कूटनीतिक प्रयास तीव्र बनाएको छ । पहिलो चरणको वार्ता अप्रिल ११ र १२ मा कुनै निष्कर्षविना सकिएको थियो । दोस्रो चरणका लागि अझै औपचारिक सहमति नभए पनि पाकिस्तानले इरानले प्रतिनिधिमण्डल पठाउने अपेक्षा गरेको छ ।

अघिल्लो वार्तामा इरानको आणविक कार्यक्रम, क्षेत्रीय प्रभाव र होर्मुज जलमार्गका विषय प्रमुख विवादका विन्दु बनेका थिए । हाल इरानले अमेरिकाबाट नयाँ प्रस्ताव प्राप्त भएको स्वीकार गरे पनि दुवै पक्षबीच अझै ठूलो दूरी कायम रहेको संकेत दिएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युद्धविराम विस्तारलाई सकारात्मक संकेतका रूपमा लिँदै कूटनीति र विश्वास निर्माणका लागि अवसर सिर्जना हुने आशा व्यक्त गरेका छन् ।

यता, युद्ध सुरु भएयता विभिन्न क्षेत्रमा ठूलो मानवीय क्षति भएको तथ्यांक सार्वजनिक गरिएको छ । इरानमा करिब तीन हजार ३७५ जनाको मृत्यु भएको बताइएको छ भने लेबनानमा दुई हजार २९० भन्दा बढी, इजरायलमा २३ र खाडी अरब राज्यहरूमा एक दर्जनभन्दा बढीको ज्यान गएको छ । साथै लेबनानमा १५ जना इजरायली सैनिक र १३ जना अमेरिकी सैनिक पनि मारिएका छन् ।

## मधेसमा......

टेलिफोन सुविधा उपलब्ध छ । ७८.९ प्रतिशत घरपरिवारले इन्टरनेट प्रयोग गर्ने उपकरण प्रयोग गरिरहेका छन् । खानेपानीतर्फ सुधारिएको स्रोत प्रयोग गर्नेको प्रतिशत उच्च (९९प्रतिशत) भए पनि ६५ प्रतिशत पानीमा ‘इ-कोली’ जीवाणु भेटिनु चिन्ताजनक रहेको प्रतिवेदनले देखाएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले नीतिनिर्माण, योजनातर्जुमा र दिगो विकास लक्ष्यको अनुगमनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरेको छ । यो सर्वेक्षण युनिसेफ नेपालको सहयोगमा सञ्चालन गरिएको हो । रासस

## शिक्षक..........

डिजिटल उपकरणको अत्यधिक प्रयोगले बालबालिकाको आँखामा पार्ने दीर्घकालीन असर र त्यसबाट बच्ने उपाय, गर्मी मौसममा देखिने आँखा पाक्ने रोग र एलर्जीका बारेमा जानकारी गराएका थिए । शिविरका संयोजक एवं गौर आँखा अस्पतालका अनुभवी प्रशिक्षक सत्येन्द्र पाण्डे र शिवकुमार यादवले सहभागीहरूलाई सैद्धान्तिक र व्यावहारिक अभ्यास गराएका थिए । प्रशिक्षणका क्रममा बालबालिकाको दृष्टि कमजोरीलाई समयमै कसरी चिन्ने र विद्यालय स्तरमा जनचेतना कसरी फैलाउने भन्ने विषयमा डेमो समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा गौर नगरपालिका क्षेत्रभित्रका विभिन्न ४३ जना शिक्षक-शिक्षिकाहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

तालिममा सहभागी शिक्षकहरूले यो कार्यक्रम निकै फलदायी रहेको बताए । सहभागी एक शिक्षकका अनुसार धेरैजसो विद्यार्थीहरूमा दृष्टि कमजोरी भए पनि उनीहरूले व्यक्त गर्न सक्दैनन्, जसका कारण उनीहरूको पढाइमा समेत असर परिरहेको हुन्छ । यो तालिमपछि हामीले विद्यार्थीको समस्या पहिचान गरी अभिभावकलाई सचेत गराउन र समयमै उपचारका लागि अस्पताल पठाउन सक्ने आत्मविश्वास बढेको छ ।

विज्ञहरूका अनुसार बालबालिकाको आँखामा लाग्ने रोगको समयमै पहिचान हुन सके उपचार सहज हुने र भविष्यमा हुन सक्ने अन्धोपनको जोखिमलाई न्यून गर्न सकिन्छ । यस किसिमको तालिमले समग्र समाजमा आँखा स्वास्थ्य प्रतिको चेतना अभिवृद्धि गर्न कोशेढुंगा सावित हुने आयोजकले विश्वास व्यक्त गरेको छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

# भ्रामक समाचार प्रकाशन नगर्न मन्त्रालयको चेतावनी

***काठमाडौं, ०८ वैशाख***

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ले गलत तथा भ्रामक तथ्यसहितका सूचना र समाचार प्रकाशन तथा प्रसारण नगर्न कडा चेतावनी दिएको छ ।

मन्त्रालयले पछिल्लो समय विभिन्न अनलाइन मिडिया र सामाजिक सञ्जालमार्फत आधारहीन, मिथ्या तथा भ्रामक सामग्री प्रसारण भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । यस्ता कपोलकल्पित सामग्रीले आम नागरिकमा भ्रम सिर्जना गर्नुका साथै समाजमा गलत मनोविज्ञान फैलाउने कार्य गरिरहेको मन्त्रालयको ठहर छ ।

मन्त्रालयले सबै सञ्चारमाध्यम, संस्था तथा व्यक्तिलाई आधिकारिक निकायबाट पुष्टि नभएका समाचार वा सूचनाहरू हचुवाका भरमा प्रकाशन तथा प्रसारण नगर्न आग्रह गरेको छ । “विश्वसनीय स्रोतबाट पुष्टि नगरी सामग्री प्रसारण गर्दा समाजमा नकारात्मक प्रभाव पर्न सक्छ,” मन्त्रालयले जारी सूचनामा उल्लेख




गरेको छ ।

त्यस्तै, आधारहीन वा भ्रामक समाचार प्रकाशन/प्रसारण गरेको पाइए सम्बन्धित व्यक्ति वा संस्थालाई पहिचान गरी प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिइएको छ । विशेषगरी विद्युतीय कारोबार ऐन तथा अन्य सम्बद्ध कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले स्पष्ट पारेको छ ।

मन्त्रालयले सर्वसाधारणलाई समेत सामाजिक सञ्जाल प्रयोग गर्दा सजग रहन आग्रह गरेको छ । कुनै पनि सामग्री व्यक्तिगत खातामार्फत साझा गर्नुअघि त्यसको सत्यता र आधिकारिकता अनिवार्य रूपमा जाँच गर्न अनुरोध गरिएको छ ।

यदि कसैले भ्रामक समाचार वा सूचना फैलिएको थाहा पाएमा मन्त्रालयको आधिकारिक वेबसाइटमा रहेको ‘सामाजिक सञ्जाल गुनासो दर्ता’ पोर्टलमार्फत उजुरी दिन, वा उपलब्ध फोन नम्बर तथा इमेलमार्फत सम्पर्क गर्न सकिने मन्त्रालयले जनाएको छ । सरकारले सूचना प्रवाहलाई विश्वसनीय, जिम्मेवार र पारदर्शी बनाउन यस्ता गतिविधिमाथि कडा निगरानी राख्ने जनाएको छ ।

# भिस्वा होटेलमा उपद्रव, विवाह समारोह प्रभावित

***शु.आ. सम्बाददाता***
***वीरगंज, ०८ वैशाख***

वीरगंज स्थित भिस्वा होटेल मा मंगलबार राति तेस्रो लिङ्गी समूहको उपद्रवका कारण वैवाहिक समारोह नै भाँडिने अवस्था सिर्जना भएको छ ।

प्रत्यक्षदर्शीका अनुसार प्रतिमा चोकदेखि इनर्वा बाइपास क्षेत्रसम्म सक्रिय रहेको उक्त समूह सामान्य विवादपछि राति करिब १ बजे होटेल पुगेको थियो । समूहले मुख्य गेटमा तोडफोड गर्दै जबर्जस्ती प्रवेश गरेको र कार्यक्रमस्थलमा तनाव सिर्जना गरेको जनाइएको छ ।

उक्त समूहले अशोभनीय व्यवहार प्रदर्शन गर्नुका साथै कार्यक्रममा सहभागी महिलाहरूको गरगहना लुट्ने प्रयास गरेको आरोप समेत लगाइएको छ । घटनापछि केही घण्टासम्म विवाहको वातावरण तनावग्रस्त बनेको थियो । घटनाबारे जानकारी पाएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो ।



सुरुवाती प्रयासले स्थिति नियन्त्रणमा लिन नसकेपछि थप प्रहरी परिचालन गरिएको थियो । वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षकको नेतृत्वमा पुगेको टोलीले लाठीचार्ज गरी समूहलाई तितरबितर पारेको र केही व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीका अनुसार घटनाका क्रममा केही व्यक्तिले प्रहरीमाथि हातपातसमेत गरेका थिए । नियन्त्रणमा लिइएका व्यक्तिहरूमाथि थप अनुसन्धान भइरहेको बताइएको छ ।

स्थानीय बासिन्दाले वीरगञ्जको बाइपास क्षेत्रमा यस्ता गतिविधि बढ्दै गएको गुनासो गर्दै सर्वसाधारणमाथि लुटपाट तथा कुटपिटका घटना दोहोरिँदै आएको बताएका छन् । उनीहरूले समयमै नियन्त्रण नगरे भविष्यमा अझ गम्भीर घटना हुन सक्ने भन्दै सुरक्षा निकायको ध्यानाकर्षण गराएका छन् ।

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

महागढीमाई नगरपालिका, बरियारपुर, बारा

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

प्रसौनी गाउँपालिका, प्रसौनी, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# यातायात कार्यालयबाट बिचौलिया पक्राउ, स्थानीयको विरोध

*शु.आ. सम्बाददाता*
*रौतहट, ०९ बैशाख*

गौरस्थित यातायात व्यवस्था कार्यालय गौर परिसरबाट सेवाग्राहीलाई ठगी गर्ने आरोपमा एक जना व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा गौर नगरपालिका-५ दोस्तिया टोलका ४० वर्षीय लक्ष्मी कुमार केशरी रहेका छन् ।




जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार केशरीले सेवाग्राहीको काम छिटो गरिदिने भन्दै अनावश्यक झन्झट सिर्जना गर्ने, कागजात बोकेर विभिन्न शाखामा घुमाउने तथा सवारी चालक अनुमति पत्र (लाइसेन्स) बनाइदिने नाममा प्रलोभन देखाउँदै आएका थिए ।

प्राप्त सूचनाका आधारमा बुधबार दिउँसो प्रहरी टोली यातायात कार्यालय परिसरमा खटिएको थियो । सोही क्रममा कार्यालयभित्रैबाट केशरीलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने प्रहरीले जानकारी दिएको छ ।

तर, घटनापछि स्थानीय बासिन्दाले भने फरक दाबी गरेका छन् । उनीहरूका अनुसार लक्ष्मी केशरी आफ्नै चालक अनुमतिपत्र खोज्ने क्रममा कार्यालय पुगेका बेला प्रहरीले बिचौलिया भन्दै पक्राउ गरी अनावश्यक दुःख दिएको आरोप लगाएका छन् ।

यस घटनाले यातायात कार्यालय परिसरमा बिचौलियाको सक्रियता र प्रहरीको कारबाही प्रक्रियाबारे प्रश्न उठाएको छ । प्रहरीले भने सेवाग्राहीलाई यस्ता बिचौलियाको प्रभावमा नपर्न र कुनै समस्या आएमा सिधै सम्बन्धित निकाय वा प्रहरीसँग सम्पर्क गर्न आग्रह गरेको छ ।

घटनाको वास्तविकता पत्ता लगाउन थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# २६ दिनमै दुई मन्त्री बाहिरिए, सरकार माथि नैतिक दबाब

*काठमाडौं, ०९ वैशाख*

बालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको २६ दिन नबित्दै दुई मन्त्री पदबाट बाहिरिएका छन् । छोटो अवधिमै लगातार मन्त्री बाहिरिनु सरकारको कार्यशैली र नैतिकतामाथि प्रश्न उठ्ने अवस्था सिर्जना भएको छ । यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह पदभार सम्हालेको १३ दिनमै पदमुक्त भएका थिए । उनीमाथि आफ्नी श्रीमतीलाई बीमा बोर्डको सदस्यमा अनधिकृत रूपमा सहभागी गराएको आरोप लागेपछि विवाद चर्किएको थियो । उक्त प्रकरण सार्वजनिक भएपछि सम्बन्धित दलकै सिफारिसमा उनलाई पदबाट फिर्ता बोलाइएको थियो ।



यसैक्रममा गृहमन्त्री सुधन गुरुङ ले पनि पदबाट राजीनामा दिएका छन् । सम्पत्ति विवरण र लगानीसँग सम्बन्धित विषयमा प्रश्न उठेपछि उनले बुधबार पद त्याग गरेको घोषणा गरेका हुन् । गुरुङले केही दिनअघि सार्वजनिक गरेको सम्पत्ति विवरण अस्वाभाविक रहेको भन्दै व्यापक आलोचना भएको थियो । त्यसपछि माइक्रो इन्स्योरेन्सलगायत क्षेत्रमा गरिएको लगानीबारे थप विवरण बाहिरिएपछि विवाद झन् चर्किएको थियो । त्यसैगरी, उनले सञ्चालन गरेको सामाजिक संस्था हामी नेपाल मार्फत आएको सहयोग रकम व्यक्तिगत खातामार्फत कारोबार गरिएको आरोप सार्वजनिक भएपछि उनीमाथि नैतिक दबाब अझ बढेको स्रोतले जनाएको छ ।

बढ्दो आलोचना, सार्वजनिक दबाब र पारदर्शितामाथि उठेका प्रश्नका बीच अन्ततः गृहमन्त्री गुरुङले पदबाट राजीनामा दिएका हुन् ।

लगातार मन्त्री बाहिरिनु सरकार गठनको सुरुवाती चरणमै चुनौतीका रूपमा देखिएको छ । सुशासन, पारदर्शिता र नैतिक जिम्मेवारीप्रति प्रतिबद्धता जनाउँदै आएको सरकारका लागि यी घटनाले विश्वास कायम राख्ने चुनौती थपिएको विश्लेषकहरू बताउँछन् ।

# एकै राति ७ घरमा चोरी, गाउँमा त्रास

शु.आ. सम्बाददाता
बारा, ०९ बैशाख

बाराको करैयामाई गाउँपालिका-४ ठुलो लौतन टोलमा एकै राति सात घरमा चोरी भएको घटना सार्वजनिक भएको छ । उक्त घटनाले स्थानीय सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाउनुका साथै गाउँभरि त्रास फैलाएको छ ।



स्थानीयवासीका अनुसार मुनिलाल साह, जगरनाथ साह, देबिर चौधरी, राजेश चौधरी, बुधन हजार र सिताई हजरा लगायतका घरहरूमा अज्ञात समूहले चोरी गरेको हो । चोरीका क्रममा नगद, सुनचाँदीका गरगहना, लत्ताकपडा तथा अन्य बहुमूल्य सामान लुटिएको पीडितहरूले बताएका छन् ।

एकै रातिमा यति धेरै घरलाई लक्षित गरेर गरिएको चोरीले संगठित समूहको संलग्नता हुन सक्ने आशंका गरिएको छ । पीडित परिवारहरूले राति सबै जना सुतिरहेको समयमा घटना भएको र बिहान मात्र चोरी भएको थाहा पाएको बताएका छन् ।

घटनापछि गाउँमा असुरक्षाको भावना बढेको छ भने स्थानीय बासिन्दा भयभीत बनेका छन् । "एकै राति यति धेरै घरमा चोरी हुनु निकै चिन्ताजनक कुरा हो, अब हामी कसरी सुरक्षित हुने ?" एक स्थानीयले गुनासो गरे ।

स्थानीयहरूले सुरक्षा निकायको ध्यानाकर्षण गराउँदै तत्काल निष्पक्ष छानबिन गरी दोषीहरूलाई कानुनी दायरामा ल्याउन माग गरेका छन् । साथै, भविष्यमा यस्ता घटना दोहोरिन नदिन गाउँमा सुरक्षा व्यवस्था मजबुत बनाउन पनि उनीहरूले जोड दिएका छन् ।

यसैबीच, प्रहरीले घटनाबारे जानकारी पाएपछि अनुसन्धान सुरु गरेको जनाएको छ । चोरीमा संलग्न व्यक्तिहरूको खोजी कार्य तीव्र पारिएको र दोषी पहिचान गरी आवश्यक कारबाही गरिने बताइएको छ ।

सुरक्षा निकायले स्थानीयवासीलाई सतर्क रहन, रातिको समयमा विशेष सावधानी अपनाउन र कुनै पनि शंकास्पद गतिविधि देखिएमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको छ ।

# रक्सौलमा छापा, ७० लाख बराबर रकमसहित एक पक्राउ

*वीरगंज, ०९ वैशाख*

वीरगंज नाकासँग जोडिएको भारतीय सीमावर्ती सहर रक्सौल स्थित रेलवे ढालानजिक सटही काउन्टरमा भारतीय प्रहरीले छापामारी गर्दा ठूलो परिमाणमा नगद रकमसहित एक जनालाई पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा छोटा डुमरिया टोलका सोनु कुमार रहेका छन् । प्रहरी स्रोतका अनुसार विशेष सूचनाको आधारमा गरिएको छापामारीका क्रममा उनलाई नियन्त्रणमा लिइएको हो ।

उनको साथबाट भारतीय रुपैयाँ ४३ लाख ४५ हजार ९ सय तथा नेपाली रुपैयाँ २ लाख ३८ हजार ७ सय बरामद भएको छ, जसको कुल मूल्य करिब नेपाली ७० लाख बराबर हुने जनाइएको छ । यति ठूलो परिमाणको नगद रकमसहित पक्राउ परेपछि घटनालाई गम्भीर रूपमा लिइएको छ । प्रहरीले उक्त रकमको स्रोत, प्रयोगको उद्देश्य तथा सम्भावित अवैध कारोबारसँग सम्बन्धबारे अनुसन्धान अघि बढाएको जनाएको छ । प्रारम्भिक अनुसन्धानमा रकम अवैध सटही, हुण्डी कारोबार वा अन्य गैरकानुनी आर्थिक गतिविधिसँग सम्बन्धित हुन सक्ने आशंका गरिएको छ ।


सीमावर्ती क्षेत्र भएकाले वीरगंज-रक्सौल नाकामा विगतदेखि नै अवैध मुद्रा कारोबार, तस्करी तथा सटही गतिविधि हुने गरेको भन्दै सुरक्षा निकायले निगरानी कडा बनाउँदै आएको छ । पछिल्लो घटनाले पुनः सीमाक्षेत्रमा आर्थिक अपराध नियन्त्रणको चुनौती देखिएको छ ।

घटनाबारे थप अनुसन्धान जारी रहेको भारतीय प्रहरीले जनाएको छ ।

# मधेसमा बालमृत्यु र कुपोषण उच्च, शिक्षामा पनि कमजोर

*जनकपुर, ०९ बैशाख*

जनकपुरधाममा बुधबार आयोजित एक कार्यक्रमबीच राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ का प्रदेशस्तरीय नतिजा सार्वजनिक गरेको छ ।



सर्वेक्षणले विशेषगरी मधेस प्रदेशमा बालमृत्यु, कुपोषण, किशोरी प्रजनन् दर र विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था राष्ट्रिय औसतभन्दा चिन्ताजनक रहेको देखाएको छ ।

प्रतिवेदनअनुसार मधेस प्रदेशमा नवजात शिशु मृत्युदरप्रति एक हजार जन्ममा २० र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३३ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा माथि हो ।

त्यस्तै, कुपोषणको अवस्था पनि गम्भीर देखिएको छ उमेरअनुसार तौल कम भएका (लिखुरे) बालबालिका २३.२ प्रतिशत र उचाइ कम भएका (पुड्को) ३१.१ प्रतिशत रहेका छन् ।

शिक्षा क्षेत्रमा पनि चुनौती देखिएको छ । कक्षा १-५ मा ९.२ प्रतिशत, ६-८ मा ८.२ प्रतिशत र ९-१२ मा २२.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । प्रारम्भिक बाल शिक्षा कार्यक्रममा सहभागी हुने दर पनि मधेशमा २६.३ प्रतिशत मात्र रहेको छ ।

स्वास्थ्य सेवाको पहुँचमा असमानता देखिएको छ । मधेस प्रदेशमा केवल ७०.४ प्रतिशत महिलाले सिफारिसअनुसार चार पटक पूर्वप्रसूति जाँच गराएका छन् भने स्वास्थ्य बिमा गर्नेको सङ्ख्या निकै न्यून छ महिला ६.६ प्रतिशत र पुरुष ३.९ प्रतिशत मात्र छ ।

प्रजनन् स्वास्थ्यतर्फ मधेसमा कुल प्रजनन् दर २.४ रहेको छ, जुन राष्ट्रिय औसत १.९ भन्दाबढी हो । किशोरी (१५-१९ वर्ष) प्रजनन् दर पनि उच्च (प्रति १००० मा ७१) देखिएको छ ।

यद्यपि, केही सकारात्मक पक्ष पनि देखिएका छन् । मधेसमा ९८.५ प्रतिशत घरपरिवारमा विद्युत् पहुँच पुगेको छ भने ९४.७ प्रतिशतमा

बाँकी तेश्रो पृष्ठमा

# शिक्षक-शिक्षिकालाई आँखा स्वास्थ्य तालिमः विद्यार्थीको दृष्टि बचाउन र रोग पहिचानमा जोड

*शु. आ. सम्बाददाता*
*रौतहट, ०९ वैशाख*

जिल्लाको सदरमुकाम गौर नगरपालिकामा रहेका सामुदायिक तथा निजी विद्यालयका शिक्षक-शिक्षिकाहरूका लागि एक दिने आँखा स्वास्थ्य सम्बन्धी विशेष जनचेतनामूलक तथा व्यावहारिक तालिम सम्पन्न भएको छ । विद्यालय स्तरमै विद्यार्थीहरूको आँखामा देखिने समस्याको प्रारम्भिक पहिचान र रोकथाम गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो ।



स्वस्थ आँखा उज्यालो भविष्य भन्ने मूल नाराका साथ सम्पन्न कार्यक्रममा आँखा सेवामा विद्यालय अभिभावक र स्वास्थ्य निकायको त्रिपक्षीय साझेदारी अपरिहार्य रहेको कुरामा जोड दिइएको छ ।

सेवा फाउन्डेसनको प्राविधिक सहयोगमा नेपाल नेत्रज्योति संघ अन्तर्गत गौर आँखा अस्पतालद्वारा सञ्चालित आँखा स्वास्थ्य कार्यक्रमले बुधबार गौरस्थित जुद्ध माध्यमिक विद्यालयको सभाहलमा यो कार्यक्रम आयोजना गरेको थियो । तालिममा जुद्ध मावि, श्री माध्यमिक विद्यालय, बाल निकेतन स्कुल र गौर मोडेल स्कुलका शिक्षकहरूको संयुक्त स्थानीय आयोजनामा कार्यक्रम सञ्चालन गरिएको थियो ।

तालिममा सहभागी शिक्षक-शिक्षिकाहरूलाई बालबालिकामा देखिन सक्ने विभिन्न आँखा सम्बन्धी जटिलताहरूका बारेमा विस्तृत प्रशिक्षण दिइएको थियो । जसमा मुख्यतया निम्न विषयहरू समावेश थिए: मोतिविन्दु, जलविन्दु, टेढो आँखा (**Strabismus**) र दृष्टिदोष, विद्यालयमै विद्यार्थीको दृष्टि परीक्षण गर्ने (**Vision Screening**) विधि र प्रक्रिया, आँखामा चोटपटक लाग्दा तत्काल गर्नुपर्ने प्राथमिक उपचार र औषधि सुरक्षित राख्ने तरिका, मोबाइल, कम्प्युटर तथा अन्य

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका